पैयूँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल।

067 – 411101
067 – 411102
info@paiyunmun.gov.np
paiyungapa@gmail.com
www.paiyunmun.gov.np

आ.वः २०८२/८३
च.नं.

## मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत पैयूँ गाउँपालिकामा महिलाको नेतृत्वमा हाई-टेक टनेल परियोजना संचालनको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना !

प्रथम पटक प्रकाशित मिति : २०८३/०१/१०

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको आ.व. ०८२/०८३ मा मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत पैयूँ गाउँपालिकामा महिलाको नेतृत्वमा हाई-टेक टनेल परियोजना संचालनार्थ यो सूचना प्रकाशित भएको मितिले ७ दिन (मितिः २०८३/०१/१६ गते) भित्रमा तोकिएको ढाँचामा निवेदन तथा कार्ययोजना भरी देहाय अनुसारको कागजातहरू सहित महिला कृषक समूहलाई पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कृषि शाखा हुवास, पर्वतमा आवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ।

आवश्यक कागजातहरुः

१. तोकिए बमोजिमको ढाँचामा निवेदन र कार्यक्रम प्रस्तावना सहितको व्यवसायिक कार्ययोजना।
२. महिला कृषक समूह संचालक समितिका पदाधिकारीहरुको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी।
३. महिला कृषक समूहको दर्ता प्रमाण पत्र र स्थायी लेखा नम्बर तथा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी।
४. महिला कृषक समूह संचालक समितिको कार्यक्रम माग गर्ने बैठकको निर्णयको प्रतिलिपी (सामूहिक खेति वा समूहमा आवद्ध कृषकको माग बमोजिमको विवरण सहित)।
५. कार्यक्रम संचालन हुने जग्गाको जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपी वा ५ वर्ष लिजमा लिएको करारनामा पत्रको प्रतिलिपी।
६. कार्यक्रम संचालन हुने सम्बन्धित वडा कार्यालयको उस्तै प्रकृतिको कार्यक्रममा अनुदान दोहोरो नपर्ने व्यहोरा सहितको सिफारिस पत्र।

२०८३/०१/१०
जिवन गैरे
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
श्री सूचना प्रविधि शाखा वेवसाईटमा अपलोड गरिदिनुहुन।
श्री वडा कार्यलय सबै सूचना टाँस गरी आफ्नो वडा भित्रका सम्पूर्ण महिला कृषक समूहहरुलाई जानकारी गरिदिनुहुन।

थप जानकारीका लागि (कृषि शाखा)
९८४०५३८४२२, ९८६४१४९३९५